# राजनीतिमा शुद्धीकरण : मिसन - १६५

## *स्वतन्त्र उम्मेद्वारहरुको प्रथम राष्ट्रिय विशेष भेला-२०७९ मा आइसीसीका तर्फबाट प्रस्तुत अवधारणा-पत्र*

### १. स्वतन्त्रको परिभाषा

प्राज्ञिक परिभाषाअनुसार स्वतन्त्र भन्नाले 'बाहिरी नियन्त्रणबाट मुक्त' एवं 'अरुको अधिकारको अधीनमा नरहेको' लाई बुझिन्छ । नेपालको राजनीतिक सन्दर्भमा चर्चा गर्दा निर्वाचन आयोगमा दर्ता भएको वा नभएको कुनै पनि दलसँग आवद्धता नरहेको व्यक्तिलाई स्वतन्त्र मान्ने गरिएको छ । चुनावको सन्दर्भमा चर्चा गर्दा निर्वाचन आयोगमा दर्ता भएको दलमा आवद्ध नरही व्यक्तिगतरुपमा उम्मेदवारी दर्ता गरेको व्यक्तिलाई स्वतन्त्र उम्मेदवार मान्ने गरिएको छ ।

आगामी संसदीय निर्वाचनको सन्दर्भमा स्वतन्त्रको परिभाषा यसरी गर्न सकिन्छ-

'वर्तमान अवस्थामा कुनै पनि पार्टीको सदस्य नरहेको, निर्वाचन आयोगले निर्वाचनको मिति घोषणा गरेको दिन भन्दा अगावै पार्टी परित्याग गरेको व्यक्तिलाई स्वतन्त्र मान्न सकिनेछ । तर, राजनीतिक दलबाट असन्तुष्ट भई बागी उम्मेदवारी दिएको व्यक्ति स्वतन्त्रको परिभाषाभित्र पर्नेछैन ।'

### २. वर्तमान विश्व परिस्थिति

वर्तमान अवस्थामा विश्वको राजनीति र अर्थतन्त्र युद्ध एवं आर्थिक मन्दीबाट गुज्रिइरहेको छ । एकातिर युक्रेन युद्धमा रुस र पश्चिमी देशहरु फसेको अवस्था छ भने कोभिड महामारी र वर्तमान युद्धले पारेको असरका कारण विश्वमा आर्थिक मन्दी एवं संकट देखा परेको छ । विश्वमा देखिएको द्वन्द्व र मन्दीका बाछिटाहरु नेपालमा पनि देखा परिरहेका छन् । देशमा बढिरहेको महंगी एवं वैदेशिक हस्तक्षेप र दबाव त्यसैको दृष्टान्त हो ।

एशियाको राजनीतिमा खासगरी चीन र अमेरिकाबीचको द्वन्द्व बढ्दता देखिने गरेको छ । खासगरी, भारत र चीनजस्ता ठूला शक्तिराष्ट्रको बीचमा रहेको नेपाल पछिल्लो समय बीआरआई र एमसीसीको विवादमा फस्न पुगेको तीतो यथार्थ लुकेको छैन । पछिल्लो समय एसपीपीको विवाद पनि नेपालमा देखा परेको छ । लिपुलेक, लिम्पियाधुरा र कालापानीको विषयलाई लिएर भारतसँगको सम्बन्धमा आएको दरार अझै पुरिएको छैन । यी सम्पूर्ण विषयमा नेपालले एउटा राष्ट्रिय दृष्टिकोण बनाउनुपर्नेमा आपसमै विवाद गरेर विदेशी शक्तिलाई बिच्काउने र हस्तक्षेपका लागि निम्त्याउने कार्य हाम्रै देशका परम्परावादी दलहरुले गरिरहेका छन् ।

कुनै पनि देशको विदेश नीतिलाई त्यस देशको घरेलु नीतिकै विस्तारित रुप मानिन्छ । अहिले हामीले शुरु गरेको स्वतन्त्र अभियानले पनि विश्व राजनीतिमा देखा परेका राजनीतिक-आर्थिक आयाममाथि ठोस दृष्टिकोण निर्माण गर्नुपर्ने हुन्छ । समसामयिक विश्व राजनीतिबारे नेपालले कस्तो दृष्टिकोण राख्नुपर्छ भन्ने स्पष्ट सोच हामीसँग हुन जरुरी छ ।

युक्रेन-रुस युद्धका साथै चीन र अमेरिकाको अन्तरद्वन्द्वका बीचमा नेपालले अपनाउनुपर्ने परराष्ट्र नीतिबारे हामीमा चासो हुनुपर्दछ । दुई छिमेकी भारत र चीनसँगको हाम्रो सम्बन्धलाई लिएर पनि स्पष्टता जरुरी हुन्छ । विश्व राजनीतिलाई हामी स्वतन्त्र एवं वैकल्पिक राजनीतिका अभियन्ताहरुले कसरी हेर्ने ? यसमा स्पष्टता आवश्यक छ । नेपालले कस्तोखालको विदेश नीति र व्यवहार अख्तियार गर्नुपर्छ भन्ने विषयमा हामी सैद्धान्तिकरुपमा स्पष्ट हुनुपर्छ । यसकालागी दुईवटा प्रस्थानविन्दुलाई आत्मसात गर्नु अहिलेको आवश्यकता हो -

पहिलो- हाम्रो संविधानले प्रत्याभूत गरेको असंलग्न एवं सन्तुलित विदेश नीतिप्रति नेपाल प्रतिवद्ध रहन जरुरी छ । छिमेकमा होस् वा अन्य, कुनै अमूक देशतिर ढल्केर नेपालजस्तो सानो देशलाई शक्तिराष्ट्रको भुँवरीमा पर्न दिनुहुँदैन । नेपाललाई भूराजनीतिको दुष्चक्रमा फस्न दिनुहुँदैन । हामीले सन्तुलित विदेश नीति, असंलग्न परराष्ट्र नीति एवं देशभक्तिमा जोड दिनुपर्दछ ।

दोस्रो- विदेशी मुलुकसँग पुलको काम गर्ने हाम्रा राजदूत एवं कूटनीतिक क्षेत्रका नियुक्तिमा भइरहेको चर्को राजनीतिकरण, दलीय भागवण्डा र बेथितिको अन्त्य गर्न जरुरी छ । हामीले यसमा आवाज उठाउनुपर्छ र सुधारका लागि जोड दिनुपर्छ । राजदूतहरुको नियुक्तिमा स्वतन्त्र, विषयगत विज्ञता भएका एवं दक्ष मानिसले मात्र स्थान पाउनुपर्छ । देशको इज्जत धान्न नसक्ने व्यक्तिलाई टीको लगाएर राजदूत बनाउने परम्पराको तत्काल अन्त्य गरिनुपर्छ ।

**३. राष्ट्रिय परिस्थितिको विश्लेषण**

हामी स्वतन्त्र अभियन्ताहरुमा जसरी वर्तमान विश्व परिस्थितिबारे स्पष्टता आवश्यक छ, त्यसैगरी घरेलु राजनीतिबारे पनि स्पष्टताको आवश्यकता छ । देशमा क्रियाशील राजनीतिक दलहरुबारे विश्लेषण नगरिकन हाम्रा अभियान अघि बढ्न सक्दैन । हामी किन स्वतन्त्र अभियानमा लागेका हौं ? यसबारे जनतालाई हाम्रो अभियानको औचित्यबारे प्रष्ट पार्न आवश्यक छ ।

हामी स्वतन्त्रस्फूर्तरुपमा २०७९ बैशाख ३० को स्थानीय निर्वाचनमा सहभागी भयौं । स्थानीय तह राजनीति गर्ने थलो नभई विकास निर्माण एवं जनताका समस्या समाधान गर्ने थलो भएकाले स्थानीय तहको नेतृत्व निर्दलीय एवं स्वतन्त्र हुनुपर्छ भन्ने हामीले आवाज उठायौं । निर्वाचनको परिणामले मूलतः हाम्रो मान्यतालाई स्थापित गरिदिएको छ । काठमाडौं, धरान र धनगढीजस्ता ठूला शहरका जनताले स्वतन्त्रलाई रोज्दै पुराना पार्टीका उम्मेदवारलाई अस्वीकार गरिदिए । देशैभरि ७५३ स्थानीय तहमध्ये ८ हजार ७१ जना स्वतन्त्रले उम्मेद्‌वारी दिएकोमा ३८७ जना स्वतन्त्रले जित हासिल गरेका छन् ।

हामीले स्थानीय तहलाई निर्दलीय हुनुपर्छ भने पनि प्रदेश र संघमा दलीय बहुमतका आधारमा सरकारहरु गठन हुने भएकाले ती तहहरु संरचनागतरुपले नै निर्दलीय प्रकृतिका छैनन् । संविधान र कानूनले नै प्रदेश र संघलाई बहुदलीय संरचनाका रुपमा परिभाषित गरेको छ । संविधानको संरचनाअनुसार प्रदेश र संघको चुनाव भने दलीय राजनीतिबाट पूर्णतः निरपेक्ष रहन सक्दैन । यस्तो अवस्थामा हाम्रासामु दुईवटा प्रश्न छन् :

एक- समानुपातिक निर्वाचन प्रणालीसमेत रहेको संघ र प्रदेशमा अब स्वतन्त्र अभियन्ताहरुले कसरी चुनाव लड्ने ?

दुई- राजनीतिक प्रकृतिको चुनावमा प्रवेश गर्दै गर्दा हामीले देशमा विद्यमान राजनीतिक दलहरुसँग कस्तो व्यवहार गर्ने ? उनीहरुसँग कस्तो सम्बन्ध बनाउने ?

आगामी मंसिरमा प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव गर्ने निर्वाचन आयोगले तयारी गरिरहेको छ । निर्वाचन आयोगको यो तयारीलाई ध्यान दिँदै हामी स्वतन्त्र अभियन्ताहरुले नयाँ रणनीति तयार गर्नु आजको आवश्यकता र चुनौती रहेको छ ।

स्थानीय तहमा समानुपातिक मतदान गर्नु नपर्ने भएकाले मतदाताहरुलाई स्वतन्त्र उम्मेदवार रोज्न सजिलो थियो । तर, प्रदेश र संघ दुबैमा प्रत्यक्षका साथै समानुपातिकमा समेत मतदान गर्नुपर्ने हुन्छ । स्वतन्त्र उम्मेदवारलाई रोज्ने मतदाताहरुले समानुपातिकमा के गर्ने ? प्रत्यक्षमा स्वतन्त्रलाई मतदान गर्नोस् भन्दै गर्दा समानुपातिक मतको सन्दर्भमा हामीले मतदातालाई के भन्ने ? यो गम्भीर प्रश्न हामी स्वतन्त्र अभियन्तामाथि तेर्सिएको छ । हामीले यसको उचित समाधान आगामी निर्वाचन अगाडि नै खोज्नैपर्ने हुन्छ ।

यो भेलाले टुंगो लगाउनुपर्ने अर्को महत्वपूर्ण प्रश्न के हो भने हामीले स्थानीय तहको चुनावमा जस्तै संघ र प्रदेशमा पनि स्वतन्त्र रुपबाटै चुनावमा सहभागिता जनाउने वा समानुपातिक भोट आफ्नै बाकसमा परोस् भन्ने उद्देश्यले स्वतन्त्रहरुको कुनै नयाँ दल खोल्ने ? प्रत्यक्षमा स्वतन्त्रलाई मतदान गरेर समानुपातिमा कुनै दललाई भोट हाल्ने वा समानुपातिकका लागि नयाँ दल वा मोर्चा खोलेर निर्वाचन आयोगमा दर्ता गराउने ? यी दुई विपरीत प्रश्नहरुको उचित समाधान आवश्यक छ ।

हामी स्वतन्त्र अभियन्ताहरुले वर्तमान संविधान र व्यवस्थाकै विकल्प खोजेका होइनौं । हामीले व्यवस्थाभित्र राजनीतिक शुद्धीकरण खोजेका हौं । राजनीतिक दलहरुमा शुद्धीकरण, प्रशासनमा सुधार एवं सुशासन खोजेका हौं । संवैधानिक आयोग, सार्वजनिक संस्थान एवं राजनीतिक नियुक्तिहरुमा राजनीतिक दलका कार्यकर्ता भर्ती गर्ने क्रमलाई रोक्न र स्वतन्त्र व्यक्तिहरुको नेतृत्व खोजेका हौं । शिक्षा, स्वास्थ्य र विकासमा जनपक्षीय नीति चाहेका हौं ।

राज्यले लिने शिक्षा नीति, स्वास्थ्य नीति, अर्थनीति एवं डिजिटलाइजेसन र आधुनिकीकरणमा जनपक्षधरता अपनाइनुपर्छ भन्ने कुरामा हामीले जोड लिनुपर्छ । देशको बिग्रेको राजनीतिलाई दलका प्रतिनिधिहरुले सच्याउन नसकेका कारण संसदमा स्वतन्त्र व्यक्तिहरु पुग्न आवश्यक छ । जसलाई मूर्तरुप दिन "मिसन-१६५" अपरिहार्य छ ।

संघ र प्रदेशसभामा भइरहेको चर्को राजनीतिकरण रोकिनुपर्दछ र प्रदेशमा सांसद एवं प्रदेशका मन्त्रीहरुलाई विकास एजेन्टका रुपमा लिइनुपर्छ भन्ने हाम्रो मान्यता रहेकाले त्यसैलाई मूर्तरुप दिन संघ र प्रदेशमा स्वतन्त्र सांसदलाई जिताउन आवश्यक छ । संघ र स्थानीय तहको पुलका रुपमा प्रदेशहरुले काम गर्नुपर्दछ । प्रदेशमा मन्त्रीहरुको संख्या ५ जनाभन्दा कम हुने गरी सीमा तोकिनुपर्दछ । यो शुद्धीकरणका लागि प्रदेशसभामा पनि स्वतन्त्र सांसदहरु पुग्न आवश्यक छ ।

हामीले अहिले व्यवस्था परिवर्तनमा होइन, राजनीतिक शुद्धीकरणमा जोड दिनुपर्छ । यसका लागि संविधानमा जे छ, त्यसैमा टेकेर अगाडि जान सकिन्छ । राजनीतिक दलहरुमा सुधारका लागि पार्टीभित्रैबाट पनि युवा र राम्रालाई उम्मेदवार बनाउन दबाव दिइनुपर्छ । स्वतन्त्र उम्मेदवार नउठेका ठाउँमा पार्टीका राम्रा मान्छेलाई सघाउन सकिने उदार नीति लिनुपर्दछ ।

वैकल्पिक राजनीतिक शक्तिको चर्चा गर्दा गत २०७४ को चुनावमा साझा विवेकशील पार्टीले नयाँ राजनीतिक विकल्प दिने प्रयास गरेकै हो । यसका लागि विवेकशील र साझाबीच एकता पनि भयो । तर, अहिले यो दल टुक्रा-टुक्रामा विभाजित भएको छ । सानो संख्यामा रहेका नेताहरु आपसमा मिल्न सकिरहेका छैनन् । उनीहरु मिलेको भए पुराना पार्टीहरुको विकल्प बन्न सक्थ्यो कि ? तर, त्यो हुन सकेन ।

अहिले पूर्वडीआइजी रमेश खरेलले नेपाल सुशासन पार्टी खोल्नुभएको छ । पूर्वआइजीपी सर्वेन्द्र खनाल अर्कै पार्टी खोल्न खोज्दै हुनुहुन्छ । धेरै साथीहरुमा नयाँ दल दर्ताको हुटहुटी देखिन्छ । पहिल्यै पनि च्याउसरी साना दलहरु खुलिरहेकै छन् । तर, उहाँहरु किन एउटै पार्टीमा अटाउने सम्भावना देखिइरहेको छैन ? किन व्यक्तिपिच्छे पार्टी खोलिँदैछ ? यही क्रममा भर्खरै हतार-हतार रवि लामिछानेले नयाँ पार्टी खोल्नुको आशय के हो ? स्थानीय चुनावमा स्वतन्त्रको पक्षमा लहर आएको देखेर समानुपातिक भोटको ढोडिया थापेर त्यसैमा तर मार्ने उद्देश्यले स्वतन्त्रकै नाम बदनाम हुने गरी हतारमा पार्टी खोलिएको त होइन ? यही आशंकाका साथ हामीले 'स्वतन्त्र पार्टी' विरुद्ध निर्वाचन आयोगमा उजुरी पनि दिएका थियौं, भलै आयोगले राष्ट्रिय स्वतन्त्र पार्टीलाई मान्यता दिएको छ र यसले हाम्रा स्वतन्त्र मतदाताहरुलाई भ्रममा पार्ने अवस्था उत्पन्न भएको छ । स्वतन्त्र अभियन्ताहरुबीच पर्याप्त छलफल नगरी हतार-हतार पार्टी खोल्ने होडबाजीले वैकल्पिक राजनीतिक शक्तिलाई एकीकृत बनाएर लैजान सहयोग गर्दैन । बरु यसले आ-आफ्नै चुलो चौकोमा रम्ने पुरानै विकृत राजनीतिक परम्परालाई प्रश्रय दिन्छ । यी सम्पूर्ण पक्षको विश्लेषण नगरी हामीले पनि नयाँ दल दर्ता गर्न

खोज्यौं भने त्यो पुरानै शैलीको निरन्तरता मात्रै ठहरिने खतरा छ । त्यसैले वर्तमान राष्ट्रिय परिस्थितिलाई मिहीन ढंगबाट विश्लेषण गरेर मात्रै हामीले आगामी बाटो तय गर्न आवश्यक छ ।

## ४. अबको बाटो : मिसन-१६५

एमाले, काँग्रेस र माओवादी, जसपा, लोसपा, राप्रपाजस्ता पुराना राजनीतिक शक्तिहरुलाई एकातिर र वैकल्पिक राजनीतिक शक्ति र विचारलाई अर्कातर्फ राखेर दुई श्रेणीमा विश्लेषण गरिनुपर्दछ । पुराना दलहरुभित्र पनि हामीले राजनीतिक शुद्धीकरणका लागि दबाव दिनुपर्छ भने नयाँ वैकल्पिक शक्तिहरुलाई आपसमा मिलाएर एउटा बलियो वैकल्पिक राजनीतिक धार बनाउनेतिर पनि उनीहरुलाई सहयोग गर्नुपर्दछ ।

तर, वैकल्पिक भनिएकाहरु नै आपसमा मिल्नै सक्दैनन् र व्यक्तिगत प्रतिष्ठाको लडाइँमै रुमल्लिइरहन्छन् भने तिनलाई पनि पुरानै शक्तिको कित्तामा राख्दै हामीले नयाँ ढंगले सोच्नुपर्दछ ।

हामीले हिजो स्थानीय तहमा जसरी स्वतन्त्र उम्मेदवारीमा जोड दियौं, अब संघ र प्रदेशको चुनावका बेला कम्तिमा आगामी पाँच वर्षसम्मका लागि खुल्ला तर संगठित दबाव समूहका रुपमा एउटा एलायन्स मार्फत् स्वतन्त्र अभियानलाई अगाडि बढाउन आवश्यक छ ।

यो एलायन्सले पनि देशको राजनीतिमा सकारात्मक हस्तक्षेप गर्न सकेन भने यसैको जगमा टेकेर हामीले २०८४ सालको चुनावमा अर्को नीति अलवम्बन गर्न सक्नेछौं । त्यसबेला हामी नयाँ वैकल्पिक पार्टी नै बनाएर अघि बढ्नुपरे पनि त्यसका लागि तयार रहनुपर्दछ । तर, अहिलेको हकमा सबैले स्वतन्त्र अभियान चलाउन पाउने गरी विषयगत समानता र एकरुपता कायम गर्न स्वतन्त्र उम्मेदवारहरुको एउटा एलाइन्स बनाउने बारेमा ठोस निर्णय गरौं र सर्वस्वीकार्य व्यक्तिको संयोजकत्वमा त्यस्तो एलाइन्स घोषणा गरौं । यो एलाइन्समार्फत् "मिसन-१६५" सञ्चालन गरौं ।

वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै हामीले निम्न कुरामा ध्यान दिन जरुरी छ :

एक- अहिले विकल्पका रुपमा आउन खोजेका नयाँ राजनीतिक दलहरु आपसमा मिल्न तयार छन् कि छैनन् ? उनीहरुको राजनीतिक लाइन, नीति र नेतृत्व इमान्दार र सही छ कि छैन ? उनीहरु सही नीति र व्यवहारमा उभिन्छन् भने संघीय चुनावको मिति घोषणा हुनुपूर्व नै त्यस्ता राजनीतिक दलहरुलाई आपसमा एकीकरण गराउने प्रयास हामी स्वतन्त्र अभियन्ताहरुले गरौं । उनीहरु मिलेर आए र एउटै वैकल्पिक शक्ति बन्यो भने त्यसलाई स्वतन्त्र अभियानका तर्फबाट समानुपातिकमा सघाउन सकिनेछ ।

दुई- वैकल्पिक दलका रुपमा राजनीतिमा आउन खोजेका दल वा व्यक्तिहरुलाई एकीकरण गर्न सकिएन भने हामी स्वतन्त्र अभियन्ताहरुले के गर्ने ? प्रत्यक्षमा त हामी स्वतन्त्र उम्मेदवारी दिनेछौं या राम्रा व्यक्तिलाई सघाउने छौं । तर, समानुपातिकमा के गर्ने ? यसबारे आगामी वृहत राष्ट्रिय भेलामा ठोस निश्कर्ष निकालौं । त्यो भेला गर्नुपूर्व प्रदेश र स्थानीय स्तरमा गएर अन्तरक्रिया, छलफलहरु गरौं, सुझाव संकलन गरौं र आगामी बाटो तय गरौं । अहिलेचाहिँ वैकल्पिक राजनीतिकर्ताहरुको मेलमिलापमा जोड दिऔं ।

अहिले हामीसँग करिब तीन दर्जन स्वतन्त्र अभियन्ताहरु जोडिनुभएको छ । यी अभियानहरुलाई पनि एकत्रित गर्न आवश्यक छ । तर, कतिपय अभियन्ताहरु पनि रवि लामिछानेलेजस्तै अर्को दल खोलेर जाने कि भनिरहनुभएको छ । तर, अहिले नै हतारमा हामी एक थान दल दर्ताका लागि दौडँदा त्यसको कस्तो परिणाम आउला भन्नेतर्फ विचार पुर्‍याउन आवश्यक छ । राजनीतिशास्त्रको सिद्धान्त अनुसार पार्टी निर्माणको एउटा निश्चित प्रक्रिया र विधि हुन्छ । जसरी राष्ट्र निर्माणको निश्चित प्रक्रिया हुन्छ, त्यसैगरी पार्टी निर्माणले पनि निश्चित प्रक्रिया माग गर्दछ । यो प्रक्रियालाई मिचेर हतारमा पार्टी बनाउन खोज्नु समय नपुग्दै बच्चा जन्माउन खोज्नु जस्तै हो ।

तीन- हाम्रो यो अभियान स्वतन्त्रहरुको अभियान हो । त्यसर्थ, यो भेलाबाट हामीले एलाइन्स निर्माणका साथै स्वतन्त्र उम्मेद्वारको मापदण्डसमेत तय गर्न जरुरी छ ।

देशैभरि १६५ संघीय निर्वाचन क्षेत्र र ३३० प्रदेश निर्वाचन क्षेत्रमा उठ्ने स्वतन्त्र उम्मेदवारहरुलाई समन्वय गर्ने, सहजीकरण गर्ने र उनीहरुको भूमिका हेरेर केन्द्रीय एलायन्समार्फत सघाउने नीति लिनुपर्दछ । स्वतन्त्र उम्मेदवार बन्नेजति सबैलाई आँखा चिम्लिएर सहयोग गर्न सकिँदैन । त्यसर्थ, यो भेलाले आगामी चुनावमा कस्ता स्वतन्त्र उम्मदेवारलाई सहयोग गर्ने भन्ने ठोस मापदण्ड बनाउनुपर्दछ । यही मापदण्डका आधारमा समन्वयकारी काम गर्ने र एलायन्सलाई पृष्ठपोषण दिनेगरी विज्ञहरुको एउटा टिम बनाउनुपर्छ । विज्ञहरुको टिमले स्क्रिनिङ गरेर हामीले सघाउने स्वतन्त्र उम्मेदवार तय गर्नेछ । एउटै निर्वाचन क्षेत्रमा धेरैजना स्वतन्त्र उठेमा उनीहरुमध्ये एकजनालाई सघाउनका लागि विज्ञ टिमले एलायन्सलाई सिफारिस गर्नेछ ।

**५. उम्मेदवारका मापदण्डहरु**

स्वतन्त्र उम्मेदवारका मापदण्ड देहायअनुसार हुनेछन् ।

१. हामीले मत दिने उम्मेदवार विरासत, पैसा, इतिहासको ब्याज र सम्प्रदायका आधारमा होइन, व्यक्तिगत क्षमता, योग्यता, कार्ययोजना र नैतिकवान् चरित्रका आधारमा तय हुनेछ ।

२. राज्यले नै ६८ वर्षको व्यक्तिलाई वृद्धभत्ता तोकिसकेको हुनाले हामीले मतदान गर्ने उम्मेदवार अधिकतम ६८ वर्ष नकटेको हुनेछ ।

३. सांसद वा मन्त्रीले देश-विदेशमा विभिन्न छलफल र निर्णयमा सहभागिता जनाउनुपर्ने भएकाले सांसदका उम्मेदवारको न्यूनतम योग्यता स्नातक तह उत्तीर्ण हुनुपर्नेछ ।

४. प्रत्यक्ष निर्वाचनमा लड्ने व्यक्तिले चुनाव लड्ने घोषणा गरेकै दिन आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्नेछ ।

५. सांसदको उम्मेदवार बन्न चाहने व्यक्तिको चरित्र स्वच्छ हुनुपर्छ । उसमाथि कुनै पनि चारित्रिक दाग लागेको हुनुहुँदैन । उम्मेदवारी घोषणा गरेकै दिन पुलिस रिपोर्ट सार्वजनिक गरिएको हुनुपर्दछ ।

६. उम्मेदवार बन्ने व्यक्तिले जितेर गर्ने कामका बारेमा आफ्नो स्पष्ट कार्ययोजना र भिजन सार्वजनिक गर्नुपर्छ ।

७. प्रदेश वा संघको मन्त्री दाबी गर्ने व्यक्तिले सम्बन्धित मन्त्रालयको विषयमा विज्ञता राखेको हुनुपर्दछ ।

८. उम्मेद्वार बन्ने व्यक्ति राज्यको नीति निर्माण गर्ने थलोमा स्वार्थ बाझिनेखालको हुनुहुँदैन । जस्तै- निजी व्यवसायी, व्यापारी एवं ठेकेदारहरु नै सांसद, मन्त्री वा संसदीय समितिका सभापति बन्ने परिपाटीको अन्त्य गरिनुपर्दछ ।

९. विदेशमा ग्रिनकार्ड वा पीआर लिएका व्यक्तिलाई स्वतन्त्र उम्मेदवारका रुपमा मतदान गर्न वा स्वतन्त्र उम्मेदवार मान्न सकिनेछैन ।

१०. तीनपटकभन्दा बढी मन्त्री भइसकेकाहरुलाई मतदान गरिने छैन ।

११. उम्मेदवार बन्ने व्यक्तिले परिवारको जीविकोपार्जनको वैधानिक स्रोत सार्वजनिकरुपमा खुलाउनुपर्नेछ ।

१२. भ्रष्टाचारको अभियोग लागेका व्यक्ति उम्मेदवार बन्न पाउने छैनन् ।

khabar

१३.सांसद वा मन्त्री बनेर बनेर घुस खान्नँ, कुनै अनियमितता गर्दिनँ, जनताको पक्षमा काम गर्नेछु, त्यसो नगरे राजीनामा दिएर फिर्ता हुन तयार छु भन्ने प्रतिद्धता जनाउनुपर्नेछ । संवैधानिक आयोग एवं राजदूतलगायत अन्य राजनीतिक नियुक्तिहरुमा हुने दलीय भागवण्डाको संसदमा खुलेर विरोध गर्ने प्रतिवद्धता जनाउनुपर्नेछ ।

सहभागी साथीहरु,

हामी एउटा ऐतिहासिक चरण पार गरेर आज देशभरिबाट ललितपुरको सानेपास्थित हेरिटेज गार्डेनमा भेला भएका छौं । नेपालको राजनीतिक इतिहासमा एउटा महत्वपूर्ण घडीमा हामी नयाँ इतिहास रचना गर्ने ठाउँमा आइपुगेका छौं । गत स्थानीय निर्वाचनमा देशैभरिबाट स्फूर्तरुपमा स्वतन्त्र उम्मेदवारी दिनुभएका एवं चुनाव अघिपछि पनि स्वतन्त्र रुपमा राजनीतिक तथा सामाजिक अभियानमार्फत देशको सेवामा सरिक हुनुभएका ७७ वटै जिल्लाका साथीहरुलाई एउटै सूत्रमा जोड्न र स्वतन्त्र अभियानको राष्ट्रिय तागत निर्माण गर्न आवश्यक छ । यसरी स्वतन्त्र अभियानका रुपमा देश र जनताको पक्षमा सकारात्मक योगदान पुर्‍याउनका लागि एउटा सही मार्ग तह गर्नुपर्ने अभिभारा यो भेलासमक्ष खडा भएको छ ।

आगामी दिनमा हामी कसरी अगाडि बढ्न सक्छौं ? हाम्रा सामु देखापरेका अवसर र चुनौतीहरु के कस्ता छन् ? बैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनको समीक्षा कसरी गर्ने ? अनि आगामी मंसिरमा हुन लागेको संघीय एवं प्रदेश तहको चुनावमा कस्तो भूमिका खेल्ने ? चुनावको अघि-पछि पनि नेपाली राजनीतिलाई हामी स्वतन्त्र अभियन्ताहरुले कसरी लिने ? यी विविध प्रश्नहरुमा आज गम्भीर भएर छलफल गरौं ।

स्थानीय तहको निर्वाचनपछि हाम्रोसामु उत्पन्न अहम प्रश्नहरुमाथि व्यवस्थितरुपमा छलफल गर्न सजिलो होस् भनेर हामीले यहाँ लिखितरुपमा यो अवधारणा प्रस्तुत गरेका हौं । यो अवधारणामा आफ्ना अमूल्य सुझावहरु दिएर यसलाई समृद्ध बनाउन सहयोग पुर्‍याउनुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

अन्त्यमा, यस ऐतिहासिक राष्ट्रिय विशेष भेलाको संयोजन गरेको नाताले स्वतन्त्र उम्मेदवारी अभियान Independent Candidacy Campaign (आइसीसी) का तर्फबाट सबै सहभागी स्वतन्त्र राजनीतिक अभियन्ताहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

डम्बर साहु

संयोजक, स्वतन्त्र उम्मेदवारी अभियान

इमेल- dambarshahu2070@gmail.com

फोन नं. ९८५११५३७८८